## शार्दूलविक्रीडित छन्दमा रचित कविता



# लामखुट्टे

-गिरिराज पौडेल

लामखुट्टे जीवको बरदान शिवको बाजा छ गुन्गुनको ।
मीठो स्वप्न गगन खतम् पारि दिने सम्पूर्ण मनुजको ॥
हिलो धुलो कसिङ्गर फोहोर उस्का छन् बनेका महल ।
अत्तर घसी सुगन्धित हुनेहरू लामखुट्टे देखि विहल ॥१॥

सक्कली लामखुट्टेका विश्राम स्थल सिं, खकार सू र आका ।
नरका दालभात दूध-दही र डुकू रोमाञ्चकारी नाका ॥
उस्को टोकाइले नर रुग्ण बनायो रोग ल्यायो असीमीत ।
अरूलाई लाग्ने हैजाले लामखुट्टे चाहीँ हुनु नि पीडित ॥२॥

आफ्ना समूहमा गर्छ अरे लामखुट्टे धेरै चुरी र फुरी ।
सारा लोकलाई कष्ट दिएर अति रुवायो नि धरधरी ॥
नाथे लामखुट्टेका चर्तिकला देखेर कन्सीरी ताते मेरा ।
पटमूर्ख सठ झैं बनेर फूर्तिसाथ भन्छ अरे यी कुरा ॥३॥

वासस्थान फर्किएर आएँ म भने भेटघाट भइजाला ।
वर्गशत्रु क्वै नरले मारिदिए भने स्वर्ग लोकै जाऊँला ॥
रक्त पिपाशु वैष्णव गिद्ध हूँ म यी नर हून् मेरा सिनू ।
कथम् कदाचित म आँइन भने काज क्रिया गरी दिनू ॥४॥

झूल् निर्माण गर्ने उद्योगहरू खतम् होलान् के गरी ?
च्याँसेको यस्तो फूँई सुनिनाले कन्पारो तात्यो मेरो बेस्सरी ॥
औषधी विज्ञानले किन अन्त गरेन ? कस्तो छ यस्को छवि ?
जाबो फुच्चे लामखुट्टेको घमण्ड सुनी छक्कै पऱ्यो यो कवि ॥५॥

धन्यवाद !

पत्राचार- शिक्षक, श्री पब्लिक विन्देश्वरी उमावि, राजविराज ।
सम्पर्क मो.नं. ९८५२८२११८५
इमेल- nandalalacharya@gmail.com
स्थायी ठेगाना- सल्ले गाविस वार्ड नं. ४, माझगाउँ, खोटाङ